संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०६/१२, बैठक संख्या: १२

समितिको आजको बैठकमा नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघबाट समितिमा प्राप्त निवेदनका सम्बन्धमा उक्त महासंघका प्रतिनिधिहरू, नेपाल गाउँपालिका महासंघ, नेपाल नगरपालिका महासंघका प्रतिनिधिहरू, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लगायतका पदाधिकारीहरूलाई आमन्त्रण गरिएकोमा नेपाल गाउँपालिका महासंघ, नेपाल नगरपालिका महासंघका प्रतिनिधिहरू अनुपस्थित रहनु भयो । उक्त बैठकमा क्रसर तथा खानी उद्योग संचालन गर्दा भोग्नु परेका समस्याहरू र उद्योग नविकरणका सम्बन्धमा छलफल भयो । त्यसपछि चिनी उद्योग तथा उखु किसानहरूका समस्या समाधान र सुझाव उप सिमितिको प्रारम्भिक प्रतिवेदन पेश भयो साथै नजिकदै गरेको चाँडवाडको समयमा दैनिक अत्यावश्यक वस्तुहरूको अस्वभाविक मुल्य वृद्धि कालो बजारी जस्ता विषयमा सरकारले अनुगमन कार्य गरी नियन्त्रण गर्नु पर्ने सम्बन्धमा छलफल भयो । बैठकमा भएको छलफलका आधारमा निम्न बमोजिमको निर्णय गरियो:

<u>समितिको निर्णय:</u>

१. नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासंघबाट समितिमा प्राप्त निवेदनका सम्बन्धमा आगामी बैठकमा वन तथा वातावरण मन्त्रालयका मन्त्री र सचिवसँग थप छलफल गर्ने ।

२. ढुंगा, गिटी, बालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धमा आवश्यक पर्ने विधेयक चालु अधिवेशनमा संघीय संसदमा दर्ता गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने ।

३. उखु खेतीको प्रवर्द्धनका लागि नेपाल सरकारबाट उखु किसानहरूलाई उपलब्ध गराउनु पर्ने गत आर्थिक वर्ष २०७९/८० को उखु उत्पादन प्रवर्द्धन खर्च (अनुदान रकम) हालसम्म उपलब्ध नगराइएकोमा सम्पूर्ण उखु किसानहरुलाई उक्त अनुदान रकम तत्काल भुक्तानिको लागि आवश्यक व्यवस्था मिलाउन नेपाल सरकार, अर्थ मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिने ।

४. गत् आर्थिक वर्षमा उत्पादन भएको उखुको विवरणका आधारमा यस आर्थिक वर्ष २०८०/८१ कोलागि विनियोजन भएको अनुदान रकम समेत सम्पूर्ण उखु किसानहरुलाई उपलब्ध गराउन पुग्ने नदेखिकएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रस्ताव भए बमोजिमको रकमको सुनिश्चितता गराईदिनका लागि नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देशन दिने ।

५. चिनी उद्योग तथा उखु किसानहरुका समस्या समाधान र सुझाव उपसमितिको कार्यावधि २०८० साल पुष मसान्त सम्म थप गर्ने ।

६. नजिकदै गएको चाँडबाँडलाई लक्षित गरि बजारमा हुन सक्ने अस्वभाविक मूल्य वृद्धि ,कालो बजारी जस्ता विषयमा बजार अनुगमनको कार्यलाई प्रभावकारी रुपमा गर्न र अनुगमनको प्रतिवेदन समितिमा उपलब्ध गराउन नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।

७. समितिको अर्को बैठक सूचना प्रशासन भएपछि वस्ने गरि आजको बैठक स्थगित भयो ।

(रामकुमार पौडेल)
समिति सचिव

(मा. अब्दुल खांन)
सभापति